# संघीय संसद

# राष्ट्रिय सभा

# सोह्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १३ जेठ २०८१

# आइतवार

# बैठक सङ्ख्या- ८

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:२४ बजे प्रारम्भ भयो।

(१३:२४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ।

(प्रतिपक्षी दलका माननीय सदस्यहरू आआफ्नो आसन अगाडि उभिनुभएको)।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, यो राष्ट्रिय सभाको आजको कारबाहीलाई अगाडि बढाउन सहजीकरण गर्दिन बस्न म हार्दिक अनुरोध गर्छु। अब यो सधैं यही तरिकाले ..... भएको हुनाले म चाहिँ विनम्रसाथ अनुरोध गर्छु। यथास्थानमा बसेर कारबाहीलाई अगाडि बढाउन सहजीकरण गर्दिनको लागि।

माननीय सदस्यहरू, माननीय सदस्य डाक्टर अन्जान शाक्यलाई राष्ट्रिय सभा नियमावलीको नियम १४९ बमोजिम विकास आर्थिक मामिला तथा सुशासन समितिमा मनोनयन गरेको छु। माननीय सदस्यहरू, राष्ट्रिय सभाको विकास आर्थिक मामिला तथा सुशासन समितिमा माननीय सदस्य

(प्रतिपक्षी दलका सदस्यहरूले वेल घेराउ गर्नुभएको)।

अन्जान शाक्यको मनोनयनलाई सहमति जनाइदिनुहुन अनुरोध गर्दछु।

(सत्तापक्षी माननीय सदस्यहरूले टेबुल ठोकेर सहमति जनाउनुभएको)।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको विकास आर्थिक मामिला तथा सुशासन समितिमा माननीय सदस्य अन्जान शाक्यको मनोनयनलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँछु।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म सम्माननीय राष्ट्रपतिबाट संवत् २०८१ साल जेठ १ गते मङ्गलबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा सम्बोधन गर्नुभएको सम्बोधनलाई उल्लिखित आर्थिक वर्ष २०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रमलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने मानिसहरूले "हुन्न" भन्नुहोस्।

"हुन्छ" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकाले वर्ष आर्थिक २०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रम बहुमतले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"लाई सम्माननीय राष्ट्रपतिबाट संवत् २०८१ साल जेठ १ गते मङ्गलबारका दिन संघीय सदनको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित "आर्थिक वर्ष २०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१३:२७ बजे) **सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सम्माननीय राष्ट्रपतिबाट संवत् २०८१ साल जेठ

१ गते मङ्गलबारका दिन संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा गर्नुभएको सम्बोधनमा उल्लिखित "आर्थिक वर्ष ०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि छलफल गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभासमक्ष पेस गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, आर्थिक वर्ष २०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि माननीय सदस्य तुल प्रसाद विश्वकर्माबाट एउटा संशोधन प्रस्ताव प्राप्त हुन आएको छ। सर्वप्रथम संशोधनकर्ता माननीय सदस्य तुलप्रसाद विश्वकर्मालाई आफ्नो संशोधन प्रस्तावसहित छलफलमा भाग लिन समय उपलब्ध गराउँछु। समय ३ मिनेट।

**(१३:२९ बजे) माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्ष महोदय, अब यहाँ नीति कार्यक्रममाथि संशोधनको बारेमा बोल्ने अनुमति दिनुभएको छ। समय कम छ र विशेष गरेर अहिले देशको यो राजनीतिक गतिविधि र संसदको यो गतिरोधलाई छिटोभन्दा छिटो खोल्नको लागि सम्बन्धित दल र सरकारले तदारुकताका साथ काम गर्नको लागि मैले विशेष निवेदन गर्दछु। र यो राष्ट्रिय रूपमा उठेको गम्भीर प्रश्नमाथि माननीय गृहमन्त्रीज्यूमाथि जुन कुरा उठेको छ, हजारौं जनताको आयआर्जनसँग जोडिएको विषयमा, सहकारी घोटालाको विषयमा, यसमा तुरुन्त छानबिन समिति बनाएर यसलाई समाधान गर्नको लागि म अनुरोध गर्न चाहन्छु।

र यसका साथै मेरा केही चाहिँ नि संशोधनसम्बन्धी कुराहरू राख्न चाहन्छु। विशेष गरेर नीति तथा कार्यक्रममा भएका संघीयताको सबलीकरण, सुदृढीकरण र कार्यान्वयन भन्ने शब्दहरू चाहिँ हटाउने, त्यसै गरेर विकास साझेदारको ठाउँमा राष्ट्रिय विकास साझेदार बनाउने, हदबन्दी भन्दा बढी जग्गा बिना मुआब्जा अधिग्रहण गरेर भूमिहीन गरिब किसानहरूमा वितरण गरिन्छ। त्यसका लागि यसै वर्ष कानुन संशोधन परिमार्जित गरिने छ भन्ने शब्द राख्ने। र त्यसै गरी बुँदा नम्बर ७२ मा लगानीकर्ता विदेशी, स्वदेशी तथा विदेशी भन्ने ठाउँमा विदेशी शब्द हटाउने र विकास निर्माणलाई राष्ट्रको विकास निर्माण भन्ने शब्द राख्ने। त्यसै गरेर बुँदा नम्बर २११ मा कालापानी लिपुलेकमा भारतीय सैन्य उपस्थिति यथावत् रहिरहेको अवस्थामा त्यहाँबाट सैन्य उपस्थिति हटाउनको लागि कूटनीतिक पहल गरिने छ भन्ने शब्द राख्ने र त्यसका साथै अन्तर्राष्ट्रियकरण गर्नलाई, यो मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नलाई संयुक्त राष्ट्र संघसित आबद्ध मुलुक र संघ संस्थासँग पहल गरिने छ भन्ने शब्द राख्ने। त्यसै गरी बुँदा नम्बर २१२ मा संसदको सर्वसम्मतिले पारित गरेको नेपालको नयाँ नक्सालाई नेपालसँग कूटनीतिक सम्बन्ध

भएका देशहरूमा पठाइने छ भनेर शब्द राख्ने। र छिमेकी मुलुक चीनले बनाएको नक्सामा हाम्रो उक्त भूभाग नदेखाएकाले त्यसमा सुधार गर्नका लागि चीन सरकारसँग कूटनीतिक पहल गरिने छ भन्ने शब्द राख्नको लागि मैले यहाँ संशोधन पेस गरेको छु। त्यसै गरी साविक २१२ बुँदालाई २१३ बनाउने र त्यसपछि क्रमशः सुधार गर्दै जाने लगायतका मेरो १६ बुँदामा संशोधन रहेको छ। र यसको प्रति मैले दर्ता गरिसकेको छु। र त्यो त्यस विषयमा गम्भीर ध्यान दिनको लागि मैले आग्रह गर्दै पुनः मैले यो चाहिँ नि छानबिन समितिको गठनमा तदारुकता देखाउन र यसलाई टुङ्गोमा पुऱ्याउनको लागि विशेष अनुरोध गर्दै आफ्नो भनाइ टुङ्ग्याउन चाहन्छु। धन्यवाद।

(१३:३२ बजे)**सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, आर्थिक वर्ष २०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिन माननीय सदस्य उर्मिला अर्यालको नाम प्राप्त हुन आएको छ। अब म माननीय सदस्यलाई समय उपलब्ध गराउँछु। समय ७ मिनेट।

(१३:३३ बजे) **माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, अब म नीति र कार्यक्रमको सम्बन्धमा केही कुराहरू राख्न चाहन्छु। मूलतः अहिलेको सरकारले कतिपय चिजहरू उल्लेख गरिरहँदा धेरै उपलब्धिमूलक कामहरू भएको पहिले म जानकारी गराउन चाहन्छु। अहिले मुद्रास्फिति घटेको अनि लगानीको लागि पर्याप्त पुँजीको उपलब्धताको अवस्था रहेको, विदेशी विनिमय सञ्चिति हालसम्मकै उच्च रहेको, समयमै मलखादको उपलब्धता भएको, चालु आर्थिक वर्षमा थप ३ हजार हेक्टर सिँचाइ विस्तार भएको, कुल जनसङ्ख्या ९८% विद्युत्मा पहुँच, ९८% जनसंख्याको विद्युत्मा पहुँच पुगेको, नागढुङ्गा, नौविसे, सुरुङमार्ग छिचोलिएको, त्यसपछि फास्ट ट्र्याकमा दुईटै दुईटा सुरुङ चाहिँ नि एउटा टनेल बाटोलाई छिचोलिएको, रुग्ण उद्योगहरूलाई फेरि पुनः संरचना गरी तिनलाई सञ्चालनको लागि चाहिँ योजनाहरू बनेको, कृषि बजार योजना, खाद्य प्रयोगशालाहरूलाई अन्तर्राष्ट्रिय स्तरमा स्तरोन्नति गर्ने, यी तमाम कुराहरू जुन उपलब्धिहरू भएको छ, उत्पादनशील र रोजगारीमूलक र न्यायपूर्ण वितरणसहितको उच्च, फराकिलो, दिगो र समृद्ध आर्थिक वृद्धि हासिल गर्ने र आर्थिक स्थायित्व कायम गर्ने, राजस्व प्रशासनको दक्षतालाई विस्तार गर्ने, यी तमाम चिजहरू धेरै उपलब्धिमूलक कामहरूको चाहिँ उल्लेख गर्दै अहिलेको वर्तमान सरकारले जुन उपलब्धिहरू हासिल गरेको छ, त्यसको जानकारी गराउँदा थुप्रै विषयहरू छन्। तर

समयको कमीले म ती बुँदाहरू त्यतिमै सीमित गर्दै अहिले कृषि क्रान्तिको लागि औद्योगिक क्रान्ति ४ भन्नाले पहिले चाहिँ हामी वाष्प इन्जिनदेखि लिएर आएर त्यसपछि यो फाइनान्स क्यापिटलिजम विद्युतीय पुँजीवादको यो लगायतका समग्र चिजबाट अहिले आएर हामी औद्योगिक क्रान्ति ४ को चरणमा छौं। र कृषिमा औद्योगिक क्रान्ति ४ को हिसाबले हामीले चाहिँ अहिले आर्टिफिसियल इन्टेलिजेन्स भनौं, रोबोट भनौं, यी समग्र चिजले अहिले हामीले कृषि क्रान्तिमा मानवीय हिसाबले नै त्यहाँ गएर त्यसलाई बढी प्रभावकारी बनाउने हिसाबले चाहिँ कृषिको कामलाई चाहिँ प्रभावकारी बनाउने हिसाबले मानवबाट धेरै समय लाग्ने हुनाले यो वैज्ञानिक जुन एउटा प्राविधिक जुन उपलब्धिहरू गएको छ, त्यो उपलब्धिहरूको पहुँचलाई कृषि क्रान्तिको रूपमा चाहिँ हामीले प्रयोग गर्ने र त्यो अनुसारको चाहिँ नि त्यहाँका रोगहरू पत्ता लगाउने, चाँडै त्यसको निदान गर्ने र कृषि उत्पादनलाई वृद्धि गर्ने हिसाबले नीति आएको छ, यो हाम्रो लागि ठुलो उपलब्धिको विषय हो।

त्यस्तै थुप्रै उपलब्धिहरूको बारेमा मैले अघि भनिसकें र मलाई समय कम भएको हुनाले म धेरै कुरोहरू, धेरै कुरो राख्न चाहेर पनि म केही सुझावहरू पनि राख्न चाहन्छु। जस्तै अहिले नयाँ हिसाबले सुनकोशी कमला डाइभर्सनबाट सिन्धुली, धनुषा, सिरहा, सप्तरी, त्यसबाट हामीले ३१ मेगावाटसम्मको सिँचाइको उपलब्धता हासिल गर्न सक्ने हुनाले सरकारले कार्यक्रममा त्यसलाई पनि समेटेर लेराओस्। पूर्व राप्ती तिलामे डाइभर्सनको निर्माण गर्ने पर्सा जिल्ला अहिले एकदमै वञ्चित भइरहेको छ। सुनकोशी डाइभर्सन छोइँदैन। त्यसकारण चाहिँ पूर्व राप्ती तिलामे डाइभर्सन निर्माण गर्न पर्सा जिल्लामा सिँचाइको उपलब्धता गराउने, अहिले खानेपानीको अभाव भइरा' छ, tube well मा पानीहरू सुकिराख्या छ, त्यसकारण यसमा पनि अलिकति सरकारले ध्यान दियोस् भन्ने किसिमले चिनी कारखानाहरूको सहकारी मोडलमा सञ्चालन र सुरक्षण गर्ने, किसानहरूको चाहिँ त्यसमा सेयर सुनिश्चित गर्ने उद्योगहरूमा, त्यस्तै पुनः कृषि महावीर पुनले जुन अहिले अभियान चलाउनुभा' छ, कृषि योजना कारखाना तथा यान्त्रिकीकरणको लागि बजेट व्यवस्थापन गर्ने, नार्कलाई, राष्ट्रिय कृषि अनुसन्धान परिषद्लाई हाइब्रिड बिउ विकास, उत्पादनको लागि प्रभावकारिता बढाउन जस्ता सिम्रौनगढको ऐतिहासिक गरिमा जोगाउन, अतिक्रमित जग्गाहरू खोसी व्यवस्थित गर्ने र ५२ बिघाको पोखरीलाई कुनै त्यसै स्वरूपमा व्यवस्थित गर्ने, पर्सा बिन्ध्यावासिनी मन्दिरको अतिक्रमित जग्गाहरूको खोजी गरी फिर्ता लिने र त्यसको ऐतिहासिक गरिमा र स्वरूप कायम गर्नुपर्ने, मधेस प्रदेशमा रहेको गरिबी र लैङ्गिक, सामाजिक विषमताको अन्त्यको लागि उच्च प्राथमिकतासहित सम्बोधन गर्नुपर्ने, सप्तरीको चतरादेखि पर्साको पथलैयासम्म विद्युतीय रेल सेवा सुरुवातको लागि सर्वे डिजाइनको निर्माण कार्यको सुरुवात गर्ने,

पश्चिम राप्ती नौमुरे बहुउद्देश्य योजना 3P मोडलमा पब्लिक, प्राइभेट पिपुल्स पार्टनरसिपमा बनाउने गरी प्युठान, दाङ, अर्घाखाँची, कपिलवस्तु, बाँकेलगायतमा विद्युत्, सिँचाइ, माछापालन, बाढी नियन्त्रणको लागि एकीकृत योजना सञ्चालन गर्ने, गुठीसम्बन्धी जग्गाहरूलाई एकीकृत तयार पारी उत्पादन, संरक्षण र रोजगारी सिर्जना गर्न एकीकृत योजना निर्माण गरेर रोजगारी सिर्जना गर्ने, सरकारी संयन्त्र कार्यक्षमता अभिवृद्धि गर्न सबै दरबन्दीहरूको पेशागत वर्गीकरण गर्ने, र तत् तत् सेवा समूहलाई सोही सेवा समूहको जनशक्तिबाट पदपूर्ति गर्ने। त्यस्तै काठमाडौं अमलेखगञ्ज तेल पाइपलाई निर्माण गर्ने, रक्सौल काठमाडौं केरुङ रेलवे तथा बहुमोडेल ढुवानी प्रणाली ठोसको लागि ठोस बजेटको व्यवस्था गर्ने, BRI Nepal BRI central Asia र पूर्वी युरोपमा यातायात तथा व्यापार सञ्जाल विस्तार गर्ने, नेसनल एग्रिकल्चरल डेभलपमेन्ट बैङ्कको स्थापना गर्ने, कृषकहरूलाई धेरै समस्या भएको हुनाले त्यो छुटै एउटा व्यवस्थापन गरेर आउँछ। नेसनल कोअपरेटिभ डेभलपमेन्ट अथोरिटी, सहकारी विकास प्राधिकरणको स्थापना गर्ने, बर्दियाको कपास विकास समिति कपास उत्पादनको लागि बुटवल सुनवलको धागो कारखाना र हेटौंडाको कपडा उद्योगको सञ्चालकले भ्यालु चेनको निर्माण गरी यसको लागि चाहिँ बजेट छुट्याउने र यसले गर्दा एउटा रोजगारी सिर्जना हुने र एउटा थप चाहिँ नि हिसाबले जाने  कुराहरू देखिन्छ। त्यस्तै अब हामीले खास गरी अब महिला र शिक्षामा पनि अहिलेको हिसाबले चाहिँ उपलब्धि के हो भने समयमै किताबहरू उपलब्ध जुन किसिमले भयो, अहिलेको सरकारले गरायो, यी तमाम उपलब्धिहरू हेर्दा सरकार एकदम सोझो अवस्थामा र राम्रो अवस्थामा आफू सही दिशामा चाहिँ निर्देशित भएर लागिरहेको छ। र यसमा सरकारले आउने दिनमा अझै धेरै सफलताहरू हासिल गरेर देखाउने आशासहित यो सुझावहरू राख्दै म आफ्नो भनाइ यहीँ अन्त्य गर्न चाहन्छु। धन्यवाद।

**(१३:३९ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीँ समाप्त हुन्छ। माननीय सदस्यहरू, अब म नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा माननीय सदस्यहरूले उठाउनुभएका विषयहरूका सम्बन्धमा जवाफ दिन सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड"लाई समय उपलब्ध गराउँछु।

**(१३:४० बजे)** **<u>सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल "प्रचण्ड"</u>**:- सभाध्यक्ष महोदय, सम्माननीय राष्ट्रपतिज्यूबाट सम्मानित संसदको दुवै सदनको संयुक्त बैठकलाई गर्नुभएको

सम्बोधनमार्फत प्रस्तुत नेपाल सरकारको आगामी वर्षको आर्थिक नीति तथा कार्यक्रममाथि माननीय सांसदहरूबाट पेस भएका संशोधन प्रस्तावका सम्बन्धमा सरकारको धारणा प्रस्तुत गर्न यहाँ उपस्थित भएको छु। संशोधन प्रस्तावमार्फत माननीयबाट प्राप्त रचनात्मक सुझाव तथा पृष्ठपोषणका लागि धन्यवाद भन्न चाहन्छु। मैले योपटक सरकारको नीति कार्यक्रम पारित गर्दैगर्दा त्यसमाथि छलफल गर्दैगर्दा अवरोध र गतिरोधको स्थितिबाट जानुपर्ला भन्ने बिल्कुल सोचेको थिइनँ। मैले गत साल पनि योपटक अझ लोकतान्त्रिक तरिकाले, अझ व्यवस्थित तरिकाले माननीय सदस्यहरूका धारणाहरू केन्द्रित गर्ने र सरकारको नीति कार्यक्रमलाई परिमार्जन गर्ने प्रतिबद्धता व्यक्त गरेको थिएँ। तर योपटक गतिरोध र अवरोधको स्थितिमा नै नीति कार्यक्रम पारित गर्नुपर्ने अवस्थाको कारणले मलाई बडो नमिठो महसुस पक्कै पनि भएको छ। माननीय सदस्यहरूले राखुभएको कुरामा यहाँसम्म आइपुग्दा तपाईंहरूले महसुस गर्नुभएकै छ सरकारको तर्फबाट यो गतिरोधको अन्त्य गर्न, अवरोधको अन्त्य गर्न र राष्ट्रिय विषयहरूमा बहस छलफललाई प्रभावकारी बनाउन र एउटा सहमति र समझदारीको आधार निर्माण गर्न लगातार वार्ता र संवाद भइराखेको छ। मैले केही दिनदेखि गरेका वार्ता र संवादका पहलले अहिले अब प्रतिनिधि सभामा पनि, राष्ट्रिय सभामा पनि अब संसदीय छानबिन समिति बनाउने कुरामा सर्वसम्मत भई नै सकेको छ। अब त्यो संसदीय छानबिन समितिको कार्यदिश के हुने? TOR के हुने? भन्ने विषयमा मात्रै टुङ्ग्याउन बाँकी छ। हामी कैयौंपटक समझदारी र सहमतिको नजिक पुगेका पनि छौं। यहाँहरूले थाहा पाइराखुभएकै छ, आज बिहान मात्रै पनि म सहमति र समझदारीको वातावरण बनाउनकै निम्ति नेपाली काँग्रेसका सभापतिको गृह, घरमै गएर मैले संवाद गरेको छु। र मलाई आशा छ, आज बेलुका या भोलि बिहानसम्म संसदीय छानबिन समिति बनाउने कुराको कार्यदिशमा पनि हामी सहमति गर्ने छौं। म त्यो विश्वास व्यक्त गर्न चाहन्छु।

यति भनिसकेपछि अब म माननीय तुलप्रसाद विश्वकर्मा राष्ट्रिय जनमोर्चाका तर्फबाट प्रस्तावित नीति तथा कार्यक्रममाथि १६ वटा बुँदामा संशोधन प्रस्ताव प्रस्तुत गर्नुभएको कुरामा म स्पष्ट पार्न चाहन्छु। तीमध्ये कैयौं प्रस्तावका विषयहरू भाषिक परिमार्जन गर्नुपर्ने र केही थप संशोधन गर्नुपर्ने प्रकृतिका रहेका छन्। आगामी आर्थिक वर्षको प्रस्तुत नीति तथा कार्यक्रमले देशमा संविधानले निर्दिष्ट गरेबमोजिम समाजवाद उन्मुख सामाजिक, आर्थिक रूपान्तरणका लागि राजनीतिक स्थायित्व, सुशासन, सामाजिक न्यायसहित समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा पूरा गर्ने लक्ष्य स्पष्ट रूपमा अगाडि सारेको छ। माननीयज्यूले प्रस्तुत संशोधनमार्फत कृषि, भूमि सुधार, उद्योग, महिला हिंसा, स्वास्थ्य, शिक्षा, श्रम, राष्ट्रियता, तथा परराष्ट्र नीति

लगायतका क्षेत्रमा राखुभएका सुझावहरू महत्वपूर्ण छन्, मननयोग्य छन्। सरकारले आत्मनिर्भर कृषि अर्थतन्त्रको विकास, उद्यमशीलताको प्रवर्धन, पूर्वाधार विकास तथा रोजगारी सिर्जना गर्दै सूचना प्रविधि क्षेत्रलाई उत्पादन र उत्पादकत्वमा वृद्धिको मुख्य संवाहकका रूपमा विकास गर्न जोड दिएको छ। यसका साथै सामाजिक रूपमा उपेक्षित वर्गको न्यायमा पहुँचका लागि कतिपय विशिष्ट कार्यक्रम पनि प्रस्तुत गरिएका छन्। प्रस्तावित नीति तथा कार्यक्रममाथि माननीयज्यूहरूबाट प्राप्त संशोधनमा सामान्य भाषिक परिमार्जनबाहेक उल्लिखित थप विषयहरू जेठ १५ गते नेपाल सरकारबाट यस सम्मानित सदनमा प्रस्तुत गरिने वार्षिक बजेट वक्तव्यमा समेटिनेले विश्वास व्यक्त गर्दै म बिदा हुन्छु। धन्यवाद, अभिवादन।

(१३:४५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, आर्थिक वर्ष २०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेस भएको संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। सर्वप्रथम संशोधनकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्मालाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने समय उपलब्ध गराउँछु।

(१३:४६ बजे) **माननीय श्री तुल प्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा)**:- सम्माननीय अध्यक्षज्यू, मैले आफ्नो प्रस्ताव फिर्ता नलिने जानकारी गराउन चाहन्छु। धन्यवाद ।

(१३:४६ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्य, माननीय सदस्य तुल प्रसाद विश्वकर्माले संशोधन प्रस्ताव फिर्ता लिन नचाहनुभएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

माननीय सदस्यहरू, यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्। यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

-"हुन्न"

"हुन्न" भन्ने पक्षका माननीय सदस्यहरूको बहुमत भएकाले संशोधनकर्ता माननीय सदस्य तुल प्रसाद विश्वकर्माले आर्थिक वर्ष २०८१/०८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथि पेस गर्नुभएको संशोधन प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु।

**सम्माननीय अध्यक्षः-** अब माननीय अर्थमन्त्री वर्षमान पुनलाई आर्थिक वर्ष २०८०।०८१ को आर्थिक सर्वेक्षण सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१३:४९ बजे) **माननीय अर्थमन्त्री श्री वर्षमान पुनः-** सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारको आगामी आर्थिक वर्षको लागि राजस्व र व्ययको अनुमान पेस गर्नु अघि मुलुकको समग्र आर्थिक सामाजिक स्थिति प्रतिबिम्बित गर्ने आर्थिक सर्वेक्षण २०८०।०८१ यस गरिमामय संसद समक्ष पेस गरेको छु। यस सर्वेक्षणमा मूलतः गत आर्थिक वर्षको पूरा अवधि र चालु आर्थिक वर्षको आठ महिनासम्मको संघ, प्रदेश र स्थानीय तहको समग्र आर्थिक सामाजिक गतिविधि र क्षेत्रगत विकास तथा सुशासनको अवस्था चित्रण एवं विश्लेषण गरिएको छ। मुलुकको आर्थिक सामाजिक परिसूचकमा सुधार हुँदै गएको छ। उत्पादनमूलक उद्योग र निर्माण क्षेत्रको उत्पादनमा आएको सङ्कुचनको बावजुद कृषि र सेवा क्षेत्रमा भएको विस्तारको कारण मुलुकको अर्थतन्त्र ३ दशमलव ९ प्रतिशतले विस्तार हुने अनुमान छ। प्रदेशगत रूपमा गण्डकी वाग्मती रर लुम्बिनी प्रदेशको आर्थिक वृद्धिदर औसतभन्दा माथि रहने अनुमान छ । आर्थिक वर्ष कुल लगानी २.८%ले बढेर रु १७ खर्ब४१ अर्ब४८ करोड पुग्ने अनुमान छ। प्रति व्यक्ति राष्ट्रिय आय १४५६ अमेरिकी डलर पुग्ने अनुमान छ। चालु आर्थिक वर्षको फागुनसम्म औसत उपभोक्ता मुद्रास्फिति ६.८% रहेको छ। राजस्व परिचालनमा क्रमश सुधार हुँदै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म संघीय सरकारको राजस्व संकलन ९.७%ले बढेर रु.६ खर्ब ३९ अर्ब ५ करोड पुगेको छ। यस अवधिमा संघीय खर्च २.९%ले वृद्धि भई रु ८ खर्ब १ अर्ब५८ करोड पुगेको छ। २०८० फागुनसम्म कुल सार्वजनिक ऋण रु. २३ खर्ब ८८ अर्ब २६ करोड पुगेको छ। कुल ऋणमध्ये आन्तरिक ऋण ४९.६% बाह्य ऋण ५०.४% रहेको छ। आर्थिक वर्ष २०७९-८० मा प्रदेश र स्थानीय तहले संघबाट भएको वित्तीय हस्तान्तरण मार्फत रु ३ खर्ब ९७ अर्ब ३६ करोड र राजस्व बाँडफाड मार्फत रु १ खर्ब २० अर्ब २६ करोड गरी जम्मा ५ खर्ब १७ अर्ब६२ करोड प्राप्त गरेका छन। वित्तीय क्षेत्र सुदृढ र सबल हुँदै गएको छ। बैंकिङ प्रणालीमा पर्याप्त तरलता रहेको छ। निक्षेप एवं कर्जाको ब्याजदर घट्दै गएको छ। चालु आर्थिक वर्षको फागुनसम्म निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ५.६%ले बढेको छ।

बैंक तथा वित्तीय संस्थाको शाखा सञ्जालमा विस्तार, विद्युतीय माध्यम मात्र हुने कारोबार र वित्तीय साक्षरता प्रवर्द्धन सँगै प्रति शाखा जनसङ्ख्या २५१५ पुगेको छ। वस्तु पैठारीमा आएको कमी, विप्रेषण, विप्रेषण आयमा भएको उल्लेखनीय वृद्धि लगायतका कारण मुलुकको सोधनान्तर स्थिति हालसम्मकै उच्च बचतमा रही बाह्य क्षेत्र थप सुदृढ बन्दै गएको छ। पर्यटक आगमन उल्लेख्य रूपमा बढेको छ। चालु आर्थिक वर्षको फागुनसम्म विप्रेषण आप्रवाह २१%ले वृद्धि भई रु ९ खर्ब ६१ अर्ब२२ करोड पुगेको छ। २०८० फागुन मसान्तसम्ममा कुल विदेशी विनिमय सञ्चिति रू. १८ खर्व, ७२ अर्व ८२ करोड पुगेको छ। यो सञ्चिति १४.८ महिनाको वस्तु र १२.४ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त छ। २०८० फागुनसम्म संघीय सरकारबाट निर्माण भएको सडक ३४,२६७ किलोमिटर पुगेको छ जसमध्ये ५३.२% सडक कालोपत्रे भएको छ। ऊर्जा क्षेत्र मुलुक आत्मनिर्भर उन्मुख भएको छ। कुल जडित विद्युत क्षमता ३०६० मेगावाट पुगेको छ। २०८० फागुनसम्म ९७.७% जनसङ्ख्यामा विद्युतको पहुँच पुगेको छ। कुल सिँचाइयोग्य जमिनमध्ये ८८.५% जमिनमा सिचाई सुविधा पुगेको छ। मुलुकको कुल भूभागको ४१.६९% वन क्षेत्र रहेको छ। शैक्षिक क्षेत्र २०८० मा आधारभूत तहमा खुद भर्ना दर ९५.१% , माध्यमिक तहमा भर्नादर ९७.५७.९% पुगेको छ। प्रति हजार जीवित जन्ममा नवराज शिशु मृत्युदर २१ र ५ वर्ष मुनिका बालबालिकाको मृत्यु दर ३३ रहेको छ। २०८० फागुनसम्म आधारभूत खानेपानी सेवाको पहुँच ९६.७५ %, आधारभूत सरसफाई सुविधाको पहुँच ९५.५% जनसङ्ख्यामा पुगेको छ। औसत आयु ७१.3 वर्ष पुगेको छ। निरपेक्ष गरिबीको रेखामुनि रहेको जनसङ्ख्या २०.२७% रहेको छ। मानव विकास सूचकांक ०.६०१ रहेको छ। सन् २०३० सम्मको दिगो विकास लक्ष्यको ४१.४% उपलब्धि हासिल भएको छ। कानुन तथा नीति निर्माण तहमा महिलाको प्रतिनिधित्व बढ्दै गएको छ। एक तिहाई महिलाले सम्पत्तिको स्वामित्व प्राप्त गरेका छन्। महिलाको श्रम सहभागिता दर बढ्दै लैजानुपर्ने रहेको छ। आर्थिक सामाजिक क्षेत्रमा प्राप्त उपलब्धीलाई संस्थागत एवं सुदृढ बनाउँदै लैजान सरकार अग्रसर रहेको छ। यस सर्वेक्षणले औंल्याएका विषयलाई सरकारले बजेट तथा कार्यक्रम र क्षेत्रगत नीति मार्फत सम्बोधन गर्दै जानेछ। सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले आर्थिक वर्ष २०८०/८१ को आर्थिक सर्वेक्षण सम्मानित सभा समक्ष पेस गर्दछु। धन्यवाद।

(१३:५४ बजे)**सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, अब "मिडिया काउन्सिल विधेयक, २०८०" माथि राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ९९ बमोजिम कुनै पनि माननीय सदस्यहरूबाट विरोधको सूचना प्राप्त हुन नआएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, अब म माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्मालाई "मिडिया काउन्सिल विधेयक, २०८०" सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१३:५५ बजे) **माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री रेखा शर्मा**:- सम्माननीय अध्यक्ष महोदय, पत्रकारिता क्षेत्रमा पेशागत तथा व्यावसायिक आचरण कायम राख्न तथा स्वनियमनलाई प्रवर्धन गरी स्वच्छ, स्वतन्त्र र जवाफदेहिता पत्रकारिताको विकास तथा संरक्षणका लागि स्वायत्त नियामक निकायको रूपमा मिडिया काउन्सिलको स्थापना र सञ्चालन सम्बन्धमा नयाँ कानुनको मस्यौदा आवश्यक रहेको छ। राष्ट्रिय आम सञ्चार नीति, २०७३ लागु भई प्रेस काउन्सिललाई पत्रकारिता क्षेत्रको आचारसंहित उल्लङ्घनसम्बन्धी उजुरी सुनुवाई गर्ने स्वतन्त्र, स्वायत्त र सक्षम निकायको रूपमा विकास गर्न तथा पत्रकारिताको क्षेत्रमा आएका परिवर्तन एवम् प्रविधिमा आएको विकासको प्रयोगलाई आत्मसात् गरी प्रेस काउन्सिललाई मिडिया काउन्सिलमा रूपान्तरण गरी सक्षम निकायको रूपमा विकास गर्न तथा समयसापेक्ष विद्युतीय अनलाइन र छापा पत्रकारिता पेसालाई मर्यादित, उत्तरदायी, जिम्मेवारी एवम् विश्वसनीय बनाई स्वच्छ र स्वतन्त्र रूपमा पत्रकारिताको विकास, संरक्षण तथा नियमनलाई व्यवस्थित बनाउन कानुन निर्माण गर्न आवश्यक भएकोले मिडिया काउन्सिल सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० सम्माननीय अध्यक्ष महोदयको अनुमतिले यस सम्मानित सभासमक्ष पेस गर्दछु। धन्यवाद।

(१३:५७ बजे) **सम्माननीय अध्यक्ष**:- संवत् २०८१ साल जेठ १५ गते मङ्गलबार अपराह्न १ बजे संघीय संसदको दुवै सदनको संयुक्त बैठकमा माननीय अर्थमन्त्री वर्षमान पुनले आगामी आर्थिक वर्ष २०८१/०८२ को राजस्व र व्ययको वार्षिक अनुमान प्रस्तुत गर्नुहुने हुँदा सम्पूर्ण माननीय सदस्यहरूलाई उक्त दिन अपराह्न १२:४५ बजेभित्रै प्रतिनिधि सभा बैठक कक्षमा प्रवेश गरी आ-आफ्नो आसन ग्रहण गरिसक्नुहुन अनुरोध गर्दछु। साथै माननीय सदस्यहरूका लागि निर्धारण गरिएको औपचारिक पोशाकमा उपस्थित हुन समेत अनुरोध गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८१ जेठ १५ गते मङ्गलबार अपराह्न ४ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीं स्थगित हुन्छ।

तदनन्तर, अर्को बैठक २०८१ जेठ १५ गते मङ्गलबार अपराह्न ४ बजेर १५ मिनेटमा बस्ने गरी यो बैठक यहीँ स्थगित भयो।

**स्थगितः १३:५८ बजे।**